प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको नतिजा प्रकाशन सम्बन्धी सूचना

प्रकाशित मिति: २०७९/०९/२६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/०९/१८ र मिति २०७९/०९/१९ गते प्रकाशित सूचना तथा यस बागमती प्रदेश कार्यालयको मिति २०७९/०९/२२ गतेको डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त कोटाको लागि आवेदन दिने सम्बन्धी सूचना अनुसार प्राप्त आवेदनहरु डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९ बमोजिम आवश्यक रुजु गरी योग्यताक्रमानुसार प्रशिक्षार्थी छनोट गरी नतिजा प्रकाशन तथा भर्नाका लागि सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका प्रशिक्षार्थीहरुले मिति २०७९/१०/०२ गतेसम्म कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, वर्गीकृत छात्रवृत्तिको कुनै समूहमा छनौट भएको भए सो को सक्कल प्रमाणपत्रहरु तथा प्रवेश पत्र सहित भर्ना भई सक्नु पर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी परिषद्को भर्ना सम्बन्धी निर्देशिका बमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्नु गराउनु हुन र तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटा, भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, सिम्बोल नं., वर्गीकृत छात्रवृत्तिको समुह समेत उल्लेख गरी ३ (तीन) दिन भित्र यस कार्यालयको इमेल ठेगाना exam@ctevtbagmati.org.np मा र सो को बोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा पठाउनुहुन अनुरोध छ ।

**निर्देशक**